Pranayan, Vol. 26, No. 8, 2025
ISSN (Print) : 2505-0818
Submitted Date : April 15, 2025
Accpted Date : June 05, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# नेपालको विदेशनीति सम्बन्धमा प्रमुख राजनीतिक दलहरूको दृष्टिकोण

श्यामप्रसाद फूएल*/केशवराज पौडेल**/भोजराज आचार्य***

**लेखसार**

नेपालको विदेशनीतिले राष्ट्रिय हितको संरक्षण तथा प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । विदेशनीति ऐतिहासिक धरातलमा उभिएको गतिशील विषय भएकाले समयानुसार परिमार्जन आवश्यक हुन्छ । नेपालको विदेशनीति सम्बन्धी प्रस्तुत लेखमा गुणात्मक अनुसन्धान विधिको अवलम्बन गरिएको छ । यस अध्ययनले राजनीतिक दलहरूको घोषणा पत्र तथा नेपालको संविधानमा उल्लेख गरिएका विदेशनीतिको व्यवस्थालाई आधार मानेर विश्लेषणात्मक र तुलनात्मक दृष्टिकोण अपनाएको छ मुलुकको हितलाई विश्व परिवेशसँग मेल खाने गरी अघि बढाउन विदेशनीतिको प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ । नेपालको राजनीतिक परिर्वतनसँगै सङ्घीय लोकतान्त्रिक प्रणाली र समाजवाद उन्मुख समावेशी लोकतन्त्र स्थापनाका लागि प्रमुख दलहरूको भूमिका उल्लेखनीय रहेको छ । २०७९ को आम निर्वाचनका अवसरमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले सार्वजनिक गरेका घोषणापत्रहरूमा विदेशनीति सम्बन्धी दृष्टिकोण प्रस्तुत गरिएको थियो । यस अध्ययनले ती दलहरूको विदेशनीतिको सोच, कार्यान्वयनका चुनौती तथा अस्पष्टताहरू उजागर गर्ने प्रयत्न गरेको छ । भारतसँगको सम्बन्धलाई प्राथमिकता दिइए पनि ठोस कार्यान्वयनको आधार कमजोर देखिन्छ । नीति निर्माण तहमा रहेका दलहरूले विज्ञसहितको परामर्शमा साझा नीति बनाएर अघि बढेमा नेपालको विदेशनीति थप प्रभावकारी हुन सक्छ ।

* सह-प्राध्यापक, राजनीतिशास्त्र शिक्षा, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, नेपाल, Email: shyamphuyal0@gmail.com

** उप-प्राध्यापक, राजनीतिशास्त्र शिक्षा, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, नेपाल, Email: krpoudel2023@gmail.com

*** उप-प्राध्यापक, राजनीतिशास्त्र, महेन्द्र रत्न क्याम्पस, ताहाचल, काठमाडौं, नेपाल, Email: rolpalibhojraj@hotmail.com

**शब्दकुञ्जी:** सार्वभौमसत्ता, विदेशनीति, पञ्चशील, सयुक्त राष्ट्र सङ्घ, राष्ट्रिय हीत, राजनीतिक दल

## पृष्ठभूमि

राज्य निर्माणको सन्दर्भमा विभिन्न विद्वान्हरूले अलग अलग मत जाहेर गरेका छन् । राज्य निर्माणको अन्तिम र निर्णायक पक्ष यही हो भन्न सकिन्न । विभिन्न विचारहरूमा आंशिक सत्यताको अंश पाइन्छ । राज्य स्थापनाको शुरूको अवस्थादेखि नै कुनै पनि मुलुकले विश्वका अन्य मुलुकसँग कुनै न कुनै रूपको सम्बन्ध राख्दै अघि बढिरहेको अवस्था छ । कुनै पनि मुलुकले अर्को मुलुकसँगको सम्बन्धमा आफ्नो लक्ष्य, हित र आकांक्षाको सम्वर्द्धन र जर्गेना गर्ने नीतिलाई विदेशनीति भनिन्छ (शिवाकोटी, २०७१) । यही नीतिका आधारमा कुनै पनि मुलुकले अर्को मुलुक माथि आफ्नो राजनीतिक रणनीति र कार्यनीति तयार गरी प्रयोगमा ल्याउने गर्दछ । यसको मुख्य मक्सद नै राष्ट्रिय हित प्रवर्द्धन गर्नु हो । विदेशनीतिले दोस्रो राज्यसँगको सम्बन्ध निर्धारण गर्ने सैद्धान्तिक खाका प्रस्तुत गर्दछ । यसलाई राष्ट्रको आँकाक्षा, शक्ति प्रदर्शन र स्वार्थको समष्टिको रूपमा लिइन्छ (फूएल, २०७५'क') विदेशनीति कुनै पनि मुलुकको आन्तरिक शक्ति र आकांक्षाको वाह्य प्रदर्शनको अवस्था हो । अन्य मुलुकसँग सम्बन्ध विस्तार गर्दा यसले तालमेल मिलाउने खाका प्रस्तुत गर्दछ ।

विदेशनीतिको सञ्जालबाट कुनै पनि मुलुक अलग रहन सक्दैन । नेपालको विदेशनीति विभिन्न घुम्ती र मोडहरू छिचोल्दै विगतबाट पाठ सिक्दै अघि बढिरहेको छ । प्राचीन नेपालमा गोपालवंशी, महिषपाल, किराँत र लिच्छवीहरूले शासन गरेता पनि त्यस ताकाका सबै विषय प्रकाशमा नआएकाले विदेशनीतिको सम्बन्धमा ठोस धारणा बनाउन गाह्रो छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको नेपाल एकीकरणको मुल मक्सद नै विदेशनीतिसँग जोडिएको देखिन्छ । नेपालको राजनीतिमा भिमसेन थापाको हत्या पछि षड्यन्त्र, हत्या र घातप्रतिघातले सिमा नाघ्यो । राजनीतिक अस्थिरताकै बीचमा वि.स. १९०३ को कोतपर्व पछि जङ्गबहादुर राणाले शासन सत्ता हातमा लिए । १०४ वर्षे राणा शासन अवधि भर अङ्ग्रेजसँग सम्बन्धमा निकटता देखा पर्दछ । राणाकालमा नेपालले अङ्ग्रेजसँगको सम्बन्ध सुमधुर बनाउन गोर्खा फौजलाई भर्ती गर्ने छुट दिएको थियो (श्रेष्ठ, २०६३) । राणा शासनको पतन पछि कार्यकारिणी अधिकार श्री ५ हरूमा सरेर आयो । यसरी वि.सं. २००७ सालको परिवर्तन पछि राणाकालीन व्रिटिशको पिछलग्गु हुने नीतिमा फेरबदल देखा पर्दछ । नेपालले सबैसँग समदुरी र असंलग्नताको विदेशनीति अवलम्बन गर्ने घोषणा गरे पनि वि.सं. २०१३ सालसम्म परराष्ट्र मामिलामा भारतकै पल्लाभारी थियो (फूएल, २०८०'ख') नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले नेपालको विदेशनीतिलाई सन्तुलित र नवीन ढङ्गले सञ्चालन गर्ने प्रयत्न गरेका थिए । लगभग १८ महिनामा यो सरकार विघटन भई नेपालमा एकदलीय चरित्रको पञ्चायती व्यवस्थाको सुत्रपात भएको हुनाले नेपाली विदेशनीतिले पनि नयाँ मोड लिएको देखिन्छ । राजा महेन्द्रले आफ्नो कूटनीतिक चातुर्थ मार्फत भारत र चीनलाई समदुरीमा राखेर विदेशनीति सञ्चालनमा ल्याएका थिए । नेपाली काङ्ग्रेसले भारतीय भूमि प्रयोग गरेर 'हान' र 'फर्क' को अभियानले दुई मुलुकबीच चिसिएको सम्बन्धलाई भ्रमण आदानप्रदान एवम् कूटनीतिक सञ्जालको प्रयोग मार्फत मथ्थर बनाइएको थियो । राजा विरेन्द्रले विदेशनीतिमा सबैसँग मित्रता र असंलग्नताको नीतिलाई अभ्यासबाट नै सिद्ध गर्ने कोशिस गरेका थिए । उनले शान्ति क्षेत्रको प्रस्ताव ल्याई नेपालको विदेशनीतिको मूल आधारको रूपमा शान्ति क्षेत्रलाई अघि सारिएको थियो ।

नेपालमा पञ्चायती व्यवस्था विरूद्ध वि.सं. २०४६ साल फाल्गुण ७ गतेबाट नेपाली काङ्ग्रेस र संयुक्त बाममोर्चाको संयुक्त पहलमा जनआन्दोलन शुरू भयो । यस शान्तिपूर्ण आन्दोलनले निर्दलीय चरित्रको पञ्चायती व्यवस्थाको अन्त्य भई दलमाथिको प्रतिबन्ध हट्न गई बहुदलीय व्यवस्थाको पुर्नबहाली भयो । यसपछि राजनीतिक दलहरू अस्तित्वमा आए । नेपाल अधिराज्यको संविधान २०४७ ले विदेशनीतिको बारेमा दिशानिर्देश प्रदान गर्ने काम गऱ्यो । राजनीतिक दलहरू आफ्नो घोषणापत्र मार्फत निर्वाचनमा सरिक बने । उनीहरूले आफ्नो घोषणापत्रमा विदेशनीतिको सम्बन्धमा समेत आ–आफ्नो दृष्टिकोण अघि सारेका थिए ।

यस लेखमा निर्वाचन परिणामको आधारमा महत्त्वपूर्ण प्रमुख तीन दलको रूपमा चिनिएका नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले २०७९ साल मङ्सिर ४ गते सम्पन्न भएको प्रदेश र सङ्घको निर्वाचन प्रयोजन खातिर आ–आफ्नो घोषणा पत्र मार्फत सार्वजनिक गरेको नेपालको विदेशनीतिप्रति तुलनात्मक अध्ययन र विश्लेषण गर्ने जमर्को गरिएको छ । नेपालको वैदेशिक सम्बन्ध समयसमयमा विवादमा समेत पर्ने गरेको कारणले दलको विदेशनीतिप्रतिको धारणालाई विश्लेषण गर्नु यो लेखको औचित्य हो । आफूलाई परिवर्तन र लोकतन्त्रको वाहकको रूपमा प्रस्तुत गर्ने प्रमुख तीन दलले प्रस्तुत गरेको विदेशनीति सम्बन्धी धारणा के रहेछ ? राष्ट्रिय हित प्रवर्द्धनमा उनीहरूको दृष्टिकोण के रहेछ ? लगायत प्रश्नमा केन्द्रित रही उनीहरूले घोषणा पत्रमा जाहेर गरेको प्रतिबद्धता पत्रलाई तुलनात्मक अध्ययन विश्लेषण गर्ने आशयले यो लेख तयार गरिएको हो । राजनीतिक दलहरूको घोषणा पत्रमा उल्लेख गरिएको विदेशनीति सम्बन्धी प्रतिबद्धता पत्रले सन्तुलित विदेशनीति निर्माणमा र मुलुकको हित प्रवर्द्धनमा के कति सहायक बन्न सक्दछ भन्ने कुराको तुलनात्मक अध्ययन विश्लेषण यहाँ गर्न खोजिएको छ । विदेशनीतिका पछिल्ला अवधारणा एवम् मान्यता तथा साझा चासोका सवाललाई प्रतिबद्धता पत्रले के कसरी सम्बोधन गर्न खोजेको छ भन्ने विषयलाई सूक्ष्म ढङ्गले यो आलेख मार्फत तुलना र विश्लेषण गर्ने प्रयत्न गरिएको छ । यो लेखको प्रमुख उद्देश्य भनेको नै विदेशनीति सम्बन्धी दलको दृष्टिकोणले मुलुकको हितलाई के कति प्रतिनिधित्व गरेको छ भन्ने विषयलाई तुलनात्मक ढङ्गले विश्लेषण गर्नु हो । यो आलेखले विदेशनीति सम्बन्धी दलहरूको बोलाइ र गराइबीचको तुलनात्मक अवस्था उर्जागर गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ । परराष्ट्रबीज्ञ, कूटनीतिक क्षेत्रमा काम गर्ने व्यक्तिहरू, नीतिनिर्माण तहमा रहेका व्यक्ति, राजनीतिक दल लगायतलाई यो विश्लेषणले मद्दत पुग्ने नै छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा गुणात्मक अनुसन्धान ढाँचाको अवलम्बन गरिएको छ । राजनीतिक दलहरूको घोषणा पत्र र नेपालको संविधानमा विदेशनीति सम्बन्धी गरिएको व्यवस्थालाई आधार मान्दै मुख्यत विश्लेषण र व्याख्यान विधिको अनुसरण गर्दै तुलनात्मक अध्ययनमा जोड दिएको छ । यस लेखमा अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिसँग सम्बन्धित विभिन्न पुस्तक, खोजमूलक सामग्री, जर्नलमा प्रकाशित लेखरचना, पत्रपत्रिकामा प्रकाशित यस सम्बन्धी लेख, राजनीतिक दलका विदेशनीति सम्बन्धी ऐतिहासिक दस्तावेज, यी दलले २०७९ को आमनिर्वाचनताका नेपालको विदेशनीति सम्बन्धमा राखेको दृष्टिकोण लगायतको विश्लेषण विवरणात्मक, व्याख्यात्माक एवम् तुलनात्मक ढङ्गले प्रस्तुत गर्दै निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ ।

## नतिजा र छलफल

आधुनिक लोकतन्त्रमा राजनीतिक परिवर्तन गर्ने, जनताको प्रतिनिधित्व गरी शासन गर्ने र शासन माथि नियन्त्रण गर्ने कामको अगुवाई राजनीतिक दलबाट हुने गर्दछ । सबै विषय र क्षेत्रको अगुवाई गर्ने राजनीतिक दलहरू नेपालमा राणाकाल र पञ्चायत कालमा प्रतिबन्धित अवस्थामा थिए । वि.सं. २०४६ सालको शान्तिपूर्ण जनआन्दोलनले दलमाथि रहेको प्रतिबन्धलाई हटाए पछि नेपालको राजनीतिमा राजनीतिक दलमाथि रहेको प्रतिबन्धलाई हटाए पछि नेपालको राजनीतिमा राजनीतिक दलहरूको भूमिका अहम् बन्न गएको छ । राज्यका प्रमुख राजनीतिक दलहरूले अख्तियार गर्ने वा अवलम्बन गर्ने विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित नीति एवम् दृष्टिकोणले मुलुकको सबै पाटा पक्षलाई दीर्घकालीन प्रभाव छोड्ने गर्दछ । वि.सं. २०७९ सालको प्रदेश र सङ्घीय संसदको निर्वाचनमा सहभागी अन्य विभिन्न दलहरू हुँदाहुँदै नेपालको विगतको राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका र पछिल्लो राजनीतिक परिवर्तन पछि हासिल गरेको जनमतको आधारमा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल प्रमुख तीन राजनीतिक दललाई मात्र अध्ययनको परिसीमाको रूपमा लिएको छ । चुनावताका रानजैतिक दलले आफ्नो घोषणापत्र मार्फत सार्वजनिक गरेको विदेशनीति सम्बन्धी प्रतिबद्धतालाई नै उनीहरूको दृष्टिकोणको रूपमा लिइएको छ । यो आलेखमा मुलुतः प्रमुख तीन राजनीतिक दल नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले आम निर्वाचन २०७९ सालको आमनिर्वाचन प्रयोजनका लागि सार्वजनिक गरेका आ-आफ्ना प्रतिबद्धता पत्रमा नेपालको विदेशनीति सम्बन्धी दृष्टिकोणको सर्वप्रथम अलग अलग अध्ययन विश्लेषण गरेर त्यसपछि तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ ।

## नेपालको विदेशनीति सम्बन्धी राजनीतिक दलहरूको दृष्टिकोण

### *नेपाली काङ्ग्रेस*

नेपाली काङ्ग्रेस पुरानो लोकतान्त्रिक पार्टी हो । लोकतान्त्रिक आन्दोलनको आदर्श, मूल्य मान्यता र चेतनालाई जीवित तुल्याउन कठोर सङ्घर्ष, कारावास, निर्वासन र आन्तरिक विस्थापनको पीडा व्यहोरेको लोकतन्त्रको पर्याय शक्तिको रूपमा चिनिएको राजनीतिक दल हो । यो दलले वि.सं. २००७ सालको राजनीतिक क्रान्ति र त्यस यताका विभिन्न राजनीतिकपरिवर्तनका लागि भएका शान्तिपूर्ण आन्दोलनको अगुवाको रूपमा आफूलाई प्रस्तुत गरिसकेको छ । विश्वेश्वरप्रसाद कोइरालाको आदर्शबाट दिक्षित नेपाली काङ्ग्रेस लोकतान्त्रिक समाजवादलाई आफ्नो आदर्श सिद्धान्त मान्दछ । नेपालमा प्रजातन्त्रको स्थापना र लोकतन्त्रको सुदुढीकरणका लागि यस दलको योगदानलाई महत्त्वपूर्ण मानिन्छ । संवैधानिक राजतन्त्रको पक्षपाती नेपाली काङ्ग्रेसले आफ्नो विगतको राजनीतिक मान्यता र पहिचानबाट अलग गर्दै संवैधानिक राजतन्त्रलाई छोडी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गरेर अघि बढी रहेको राजनीतिक दल हो (फूएल, २०७५'ग') वि.सं. २००७ सालको राजनीतिक परिवर्तन पछि पटक पटक सरकारको नेतृत्व गरी अन्तर्राष्ट्रिय छवी बनाइसकेको नेपाली काङ्ग्रेसले अवलम्बन गर्ने नीति र दृष्टिकोणले दीर्घकालीन प्रभाव र महत्त्व राख्ने गर्दछ ।

नेपाली काङ्ग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन, २०७९ का लागि नेपाली काङ्ग्रेसको

सङ्कल्प नामक प्रतिबद्धता सार्वजनिक गरेको छ । सङ्कल्पलाई पार्टीले विभिन्न पाँच खण्ड र विभिन्न उपखण्डहरूमा विभक्त गरी विभिन्न क्षेत्र र विषयमा आफ्नो दृष्टिकोण प्रस्तुत गरेको खण्ड एकमा समसामयिक राजनीति र राष्ट्रिय मुद्दाहरू शीर्षक अन्तर्गत १.२.२ मा अन्तर्राष्ट्रिय सम्बन्ध छ तथा विदेशनीति सम्बन्धमा आफ्नो दृष्टिकोण प्रस्तुत गरेको छ । सङ्कल्पमा नेपाली काङ्ग्रेसले राष्ट्रिय सहमतिको आधारमा विदेशनीति निर्माण गर्न निम्न सिद्धान्त र नीतिहरूको अवलम्बन गर्ने उल्लेख गरेको छ ।

- सङ्कल्पको पहिलो बुद्धामा राष्ट्रिय हित र स्वार्थको संरक्षण, सम्बर्द्धन, राष्ट्रिय सुरक्षालाई प्राथमिकतामा राख्दै संयुक्त राष्ट्र सङ्घको वडापत्र, पञ्चशील, असंलग्नता, अन्तर्राष्ट्रियता कानुन, विश्वशान्ति तथा सहअस्तित्वमा आधारित सन्तुलित विदेशनीतिको अख्तियार गर्ने उल्लेख गरिएको छ ।
- विदेशनीति तर्जुमा गर्दा सार्वभौम समानताको सिद्धान्तमा आधारित रहने प्रतिबद्धता जनाइएको छ ।
- विधिको शासन, लोकतान्त्रिक शासन प्रणाली, मानव अधिकार, अन्तर्राष्ट्रिय कानुन, जनताको नैसर्गिक अधिकार लगायतलाई प्रमुख मापदण्डको रूपमा अघि सार्दै नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानुन, महासन्धी, अभिसन्धी, अनुबन्ध लगायतलाई आधारभूत सिद्धान्तको रूपमा अनुसरण गर्ने उल्लेख गरिएको छ ।
- दुई छिमेकी बीच कूटनीतिक सन्तुलन कायम गर्ने, बहुआयामिक सम्बन्धलाई अफ घनिष्ट र प्रगाढ ढङ्गले अघि बढाउँदै समान लाभ र पारस्परिक हितको आधारमा दुवै देशको विकासबाट अधिकतम लाभान्वित हुने नीति अङ्गिकार गर्ने दृढ इच्छा शक्ति प्रकट गरिएको छ ।
- आर्थिक कूटनीति मार्फत वैदेशिक सहायता, लगानी र बजार पहुँच अभिवृद्धि गर्ने नीतिलाई अवलम्बन गर्ने बचतबद्धता जनाउँदै व्यापारिक ऋण भन्दा सहुलियतपूर्ण ऋण वा अनुदानलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाएको छ ।
- भूपरिवेष्ठित देशले पाउने निर्वाध व्यापार तथा पारवहन सुविधा प्रत्याभूतिका लागि प्रयत्नशील रहने जनाइएको छ ।
- विदेशनीतिको अर्को महत्त्वपूर्ण आधारको रूपमा असंलग्नतालाई अघि सारिएको छ । शक्ति राष्ट्रहरूबीचको सामरिक प्रतिस्पर्धामा नेपाल प्रत्यक्ष वा परोक्ष कुनै पनि रूपमा संलग्न नहुने प्रतिबद्धता जनाइएको छ ।
- जलवायु परिवर्तनका कारणले विश्वव्यापी रूपमा देखा परेको वातावरणीय सङ्कट समाधानका लागि हरित कूटनीति अनुसरणका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको उपस्थितिलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने उल्लेख छ ।
- परिवर्तित सन्दर्भलाई मध्यनजर गर्दै 'पब्लिक डिप्लोमेसी' (सार्वजनिक शैलीमा गरिने कूटनीति) र 'सफट पावर' (सौम्य शक्ति) लाई प्रभावशाली कूटनीतिक अस्त्रको रूपमा उपयोग गर्ने कुरामा जोड दिएको छ ।
- वैदेशिक रोजगारीलाई श्रम कूटनीति मार्फत सुरक्षित, सम्मानजनक र मर्यादित बनाउँदै वैदेशिक भूमिमा रहेका नेपालीहरूको हक र सुरक्षालाई सुनिश्चित गर्न विदेश स्थित कूटनीतिक नियोगलाई थप प्रभावकारी रूपमा परिचालन गरिनु पर्नेमाजोड दिएको छ ।

- क्षेत्रीय तथा उपक्षेत्रीय सङ्गठनहरूबाट अधिकतम लाभ हासिल गर्न कूटनीतिक साझेदारी र सहकार्यलाई प्राथमिकताको साथ अघि बढाइने उल्लेख छ ।

यसरी नेपाली काङ्ग्रेसले विदेशनीति सम्बन्धी आफ्नो सङ्कल्प २०७९ मा राष्ट्रिय स्वार्थ सार्वभौमसत्ताको समानता, संयुक्त राष्ट्र सङ्घको वडापत्र, असंलग्नता, पञ्चशील, अन्तर्राष्ट्रिय कानुन, दुई छिमेकबीच सन्तुलन र समदुरिताको सम्बन्ध, आर्थिक कूटनीतिको अवलम्बन, भूपरिवेष्ठित मुलुकको अधिकार, जलवायु परिवर्तनले निम्त्याएको जोखिम न्युनीकरणमा जोड, 'पब्लिक डिप्लोमेसी' र 'सफ्ट पावर' डिप्लोमेसीको अधिकतम उपयोग, श्रम कूटनीति मार्फत वैदेशिक रोजगारीलाई सम्मानित र सुरक्षित तुल्याउने, क्षेत्रीय सहयोग, सहकार्य र साझेदारीका लागि क्षेत्रीय सङ्गठनहरूको क्रियाशीलतामा जोड दिने उल्लेखगरेको छ ।

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेपाली काङ्ग्रेसकै हारहारीको इतिहास बोकेको नेपाल कम्युनिष्ट पार्टीको स्थापना वि.सं. २००६ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा गठन भएको थियो । सामन्तवादको समुलनष्ट, लोकतन्त्र र नागरिक अधिकारको स्थापना, जनजीविकाको सुनिश्चितता, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षाका लागि समानता, सामाजिक न्याय एवम् समाजवाद स्थापनाको ऐतिहासिक अभिभारा उठाउने हेतुले नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो (पोखरेल, २०७३) । झापामा सामन्तहरूको चरम शोषण र उत्पीडनबाट मुक्ति पाउन किसानहरू तड्पिरहेको समयमा अखिल नेपालकोअर्डिनेशन कमिटी (माले) को झापा जिल्ला कमिटी बन्यो, जसका संस्थापक महासचिव चन्द्रप्रकाश मैनाली भए । नेकपा (माले) सँग वि.सं. २०४७ सालमा मनमोहन अधिकारले नेतृत्व गरेको नेकपा (मार्क्सवादी) एकाकार भए पछि नेकपा (एमाले) बनेको हो । २०४८ सालको आम निर्वाचनमा सशक्त प्रतिपक्ष बनेको यो पार्टीले नेपालको कम्युनिष्ट र लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका अदाह गर्दै आएको छ । सरकारमा पटक पटक सहभागी बन्दै रहेको यस पार्टीले लिने नीति र दृष्टिकोणले महत्त्वपूर्ण प्रभाव पार्ने निश्चित नै छ । प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को घोषणा पत्रमा स्वतन्त्र र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध शीर्षकमा विदेशनीतिसँग सम्बन्धित विषयलाई निम्न अनुसार समेटेको पाइन्छ ।

- 'सबैसँग छ मित्रता, छैन कसैसँग शत्रुता' नीतिलाई आत्मसात् गर्ने उल्लेख गर्दै नेपालको परराष्ट्र सम्बन्ध संयुक्त राष्ट्र सङ्घको वडापत्र, पञ्चशीलको सिद्धान्त, पारस्परिक लाभ र सम्मान, तथा न्यायमा आधारित रहने उद्घोष गरिएको छ ।

- नेपालको स्वाधीनता र स्वतन्त्रताको निर्विवाद ढङ्गले उपयोग गर्दै सार्वभौम समानताको नीति अवलम्बन गरिने उल्लेख छ ।

- छिमेकसँगको सम्बन्धलाई प्राथमिकतामा राख्दै अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार गरिने कुरामा जोड दिएको छ ।

- नेपालको हित, स्वाभिमान, प्रतिष्ठा, विश्वशान्ति, मानवता एवम् धर्तीको सुरक्षाका लागि अन्तर्राष्ट्रिय मञ्चहरूको भरपुर उपयोग गरिने जनाइएको छ ।

- नेपालको भौगोलिक अखण्डता, सार्वभौमसत्ता, स्वाधनीता र स्वतन्त्रतालाई अझ सुदृढ बनाउँदै, नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको सिमानालाई सुरक्षा प्रदान गरिने उल्लेख छ ।
- सन्धि सम्झौताहरूको पुनरावलोकन र संशोधन गर्दा नेपालको हितको संरक्षण र प्रवर्द्धनमा जोड दिइने साथै मुलुकको आवश्यकता अनुसार नयाँ सन्धि सम्झौताहरू गरिने उल्लेख छ ।
- गैह्र आवासीय नेपालीहरूको अनुभव, सीप र पुँजीलाई सहर्ष स्वीकार गर्दै नेपालको आर्थिक, सामाजिक लगायत विकासका लागि उच्च सम्मानका साथ परिचालन गरिने दृढ विश्वास व्यक्त गरिएको छ ।

नेकपा (एमाले) को घोषणापत्रमा स्वतन्त्र र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्धमा संयुक्त राष्ट्र सङ्घको वडापत्र, पञ्चशीलको सिद्धान्त, सार्वभौम समानता, छिमेकसँगको सम्बन्धलाई प्राथमिकतामा राख्ने, अन्तर्राष्ट्रिय मञ्चको प्रयोगमा मानवता र धर्तीको सुरक्षाको विषय उठाउने, नेपालको चुच्चे नक्सामा समेटिएका क्षेत्र लगायत सिमानाको सुरक्षा गर्ने, विगतका सन्धि सम्झौताको पुनरावलोकन र संशोधन गरिने, गैह्र आवासीय नेपालीको सीप र अनुभवको उच्च समान गरिने लगायत विषयलाई समेटिएको छ ।

### नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

नेकपा (माओवादी केन्द्र) ले मार्क्सवाद, लेनिनवाद र माओवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा स्वीकार गर्दछ । नेपालको राजनीतिक प्रणालीको फेरबदल र विभिन्न क्षेत्रका अन्याय अत्याचारहरू निर्मूल पार्ने उद्घोषका साथ २०५२ फाल्गुण १ गतेबाट जनयुद्ध शुरू गरेको यो पार्टीले अप्रत्यक्ष रूपमा २०६२/०६३ को आन्दोलनमा समेत सहभागिता जनाएको थियो (दाहाल, २०८०) । संविधान सभाको पहिलो निर्वाचन (२०६४) मा प्रथम शक्तिको रूपमा उदाएको यो पार्टी त्यसपछिको निर्वाचन परिणामको आधारमा तेस्रो शक्तिको रूपमा रहेको छ । लामो समयदेखि यस पार्टीको नेतृत्वको रूपमा पुष्पकमल दाहाल (प्रचण्ड) रहेका छन् । नेपालमा पछिल्लो परिवर्तनको प्रमुख शक्तिको रूपमा रहेको यो पार्टीले लिने नीति र जनाएको प्रतिबद्धता पत्रले मुलुकको भावी दिशाका लागि महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा लिन सकिन्छ । २०७९ को प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि पार्टीले प्रस्तुत गरेको आगामी कार्यदिशा नामक प्रतिबद्धता पत्रमा राष्ट्रिय सुरक्षा र स्वाधीनताको रक्षाकेन्द्रित परराष्ट्र नीति शीर्षकमा निम्न विषयमा जोड दिएको पाइन्छ ।

- मुलुकको स्वाधिनता, सार्वभौमिकता, प्राकृतिक सम्पदाको जर्गेना र भौगोलिक अखण्डताको रक्षालाई सुनिश्चित हुने गरी राष्ट्रिय सुरक्षा नीतिमा परिमार्जन गरिने उल्लेख छ ।
- नेपालको आन्तरिक एकतालाई थप बलियो र प्रभावकारी बनाउँदै मुलुकको सार्वभौम सत्तालाई सुदृढ गरिने जनाइएको छ ।
- नेपाली सेना लगायतका सबै सुरक्षा संयन्त्रलाई स्रोत साधन, आधुनिक ज्ञान र प्रविधि युक्त बनाउँदै उनीहरूलाई मानव अधिकार शिक्षाद्वारा दीक्षित तुल्याई नागरिकहरूको सुरक्षा र अमनचैनको सुनिश्चितता प्रदान गरिने छ ।
- नेपालको विदेशनीति अवलम्बन गर्दा यसको आत्मनिर्णयको अधिकार, स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र मुलुकको सार्वभौमसत्ताको रक्षाको प्रश्नलाई केन्द्रीय भागमा राखिने उल्लेख छ । विश्वको शान्ति र अमनचैन, असंलग्नता, पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्र सङ्घको वडापत्र र राष्ट्रहितमा आधारित परराष्ट्रनीति रहने प्रतिबद्धता जनाइएको छ ।

- नेपालको भूराजनीतिक अवस्थालाई ख्याल गर्दै दुई छिमेकी मुलुकसँग घनिष्ठ तथा मैत्रीपूर्ण सम्बन्ध कायम राख्दै नेपाललाई कुनै पनि मुलुकसँगको दुई पक्षीय वा बहुपक्षीय सैन्य गठबन्धनमा सहभागी नगराइने उल्लेख छ ।
- अन्तर्राष्ट्रिय द्वन्द्व वा विवादलाई संयुक्त राष्ट्र सङ्घको अग्रसरता र अन्तर्राष्ट्रिय कानुनको मान्य सिद्धान्त बमोजिम शान्तिपूर्ण संवादबाट खोजिनु पर्ने साथै सैन्य शक्ति एवम् अस्त्रशस्त्रको होडबाजीको विपक्षमा आफूलाई प्रस्तुत गर्दै विश्व शान्ति र सद्भावको पक्षमा शतिससाल झै प्रस्तुत हुने अडान व्यक्त गरिएको छ ।
- भारतद्वारा अतिक्रमित नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा फिर्ताको लागि अविलम्ब कूटनीतिक पहल गर्ने उल्लेख छ ।
- सन् १९४७ को गोरखा भर्ती सम्बन्धी त्रिपक्षीय सन्धि, सन् १९५० को नेपाल र भारतबीचको शान्ति र मैत्री सन्धि, भारतसँगको जलस्रोत र व्यापार तथा पारवहन लगायत सम्पूर्ण असमान सन्धिहरूको पुनरावलोकन गरी खारेजी, प्रतिस्थापन वा संशोधन परिमार्जनद्वारा यस्ता सन्धिहरूलाई नेपालको राष्ट्रिय हित अनुकूल बनाइने उल्लेख छ । नेपाल र भारतबीचको खुला सिमानालाई नियन्त्रण र नियमन गरिने प्रतिबद्धता जनाइएको छ ।
- आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणमा जोड दिँदै ससर्त प्राप्त हुने वैदेशिक सहायता, अनुदान र ऋणको मात्रालाई क्रमशः घटाउँदै लगिने साथै विदेशी लगानी र ऋणलाई राष्ट्रिय हित अनुकूल आर्थिक पूर्वाधार निर्माण र विकासका लागि मात्र खर्च गरिने साथै मुलुकको हित र सार्वभौमिकतामा आच पुऱ्याउने खालका वैदेशिक सहयोगलाई स्वीकार नगरिने उल्लेख छ ।
- पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीतिलाई अक्षुण्ण राख्दै स्थायी तटस्थताको छविलाई निरन्तरता दिने साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालको उपस्थिति र संलग्नतालाई थप प्रभावकारी बनाउँदै लगिने जनाइएको छ ।
- परराष्ट्र मामला, नेपाली नियोग तथा कूटनीतिका क्षेत्रमा काम गर्ने सरकारी निकायहरूलाई समय सापेक्ष अत्याधुनिक प्रविधिसँग जोड्दै सक्षम र व्यवस्थित बनाउँदै लगिने उल्लेख छ ।
- गोर्खा सैनिकहरूको समान कामको समान ज्याला तथा सुविधाको जायज मागलाई सम्बोधन गराउन सक्रिय पहल गर्ने प्रतिबद्धता जनाइएको छ ।
- २१ औं शताब्दी सुहाउँदो सार्वजनिक कूटनीति सञ्चालनको लागि 'सफ्ट पावर' र 'डिजिटल कूटनीति' जस्ता विधिहरूको भरपुर उपयोग गर्दै राष्ट्रिय हित प्रवर्द्धनमा सक्रियतापूर्वक पहल गरिने उल्लेख छ ।

यसरी नेकपा (माओवादी) ले परराष्ट्र नीति सम्बन्धी धारणा प्रस्तुत गर्नु अघि अति संक्षिप्त ढङ्गले विश्वको वर्तमान अवस्थालाई चित्रण गर्दै त्यसबाट नेपाललाई पर्ने प्रभावको आँकलन प्रस्तुत गरेको छ । परराष्ट्र नीति सम्बन्धी दृष्टिकोण प्रस्तुत गर्नु अघि नेपाली सेना लगायत सुरक्षाका सबै निकायलाई स्रोत साधन, आधुनिक ज्ञान र प्रविधिसँग जोड्ने विषयलाई महत्त्व दिँदै नेपाली विदेशनीतिको आधार राष्ट्रिय हित, शान्ति क्षेत्र, पञ्चशील, असंलग्नता, संयुक्त राष्ट्र सङ्घको वडापत्र लगायतलाई आधार मान्दै राष्ट्रियता र स्वाधीनताका लागि सुदृढ राष्ट्रिय एकतामा जोड दिनु पर्ने सुझाएको छ । अन्तर्राष्ट्रिय

विवादहरूलाई संयुक्त राष्ट्र सङ्घको अग्रसरतामा शान्तिपूर्ण समाधान खोजिनु पर्ने, भारतद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता, असमान सन्धि सम्झौता खारेजी, प्रतिस्थापन वा संशोधन एवम् परिमार्जन, नेपाल र भारतबीचको खुला सिमानालाई नियमन गरिने, सार्वजनिक कूटनीति सञ्चालनमा पहल गरिने लगायत विषय प्रतिबद्धता पत्रमा उल्लेख गरेको छ ।

## प्रमुख तीन राजनीतिक दलको विदेशनीतिप्रतिको दृष्टिकोणको तुलना

नेपालका प्रमुख राजनीतिक दलहरू विभिन्न उतार चढावका बीच पाठ सिक्दै अहिलेको लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको अभ्यासमा आइपुगेको देखिन्छ । नेपालको महत्त्वपूर्ण राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका प्रमुख तीन दलले पटक पटक सरकारको नेतृत्व गरिसकेका र जनमतको हिसाबले पनि महत्त्वपूर्ण निर्णायक शक्तिको रूपमा रहेका हुनाले यी दलले लिने नीति र चुनावताका जारी गरिएका प्रतिबद्धता पत्रको दुरगामी प्रभाव र महत्त्व रहने गर्दछ । २०७९ सालमा सम्पन्न भएको आम निर्वाचनको समयमा प्रमुख दलले घोषणा पत्र मार्फत जारी गरेको प्रतिबद्धता पत्रमा नेपालको विदेशनीति सम्बन्धी दलगत दृष्टिकोणलाई सार संक्षेपमा तालिका नं. १ मा यस प्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

*राजनीतिक दलको विदेशनीतिप्रतिको दृष्टिकोणको तुलनात्मक अध्ययन*

| नेपाली काङ्ग्रेस | नेकपा (एमाले) | नेकपा (माओवादी केन्द्र) |
|---|---|---|
| संयुक्त राष्ट्र सङ्घको वडापत्र, पञ्चशीलको मान्यता लगायतमा आधारित रहि स्वतन्त्र र सन्तुलित विदेशनीति | पञ्चशीलको सिद्धान्त संयुक्त राष्ट्र सङ्घको वडापत्रको आधारमा सम्मान र न्यायमा आधारित विदेशनीति हुने | प्रतिबद्धता पत्रको पृष्ठभूमिमा विदेश सम्बन्ध तथा नीतिहरूको बारेमा आँकलन गरिएको |
| सार्वभौम समानतामा आधारित | सार्वभौमसत्ताको आधारमा सम्बन्ध अघि बढाइने | मुलुकको सुरक्षा र विदेशनीतिलाई समन्वय गरी अघि बढाउन खोजिएको |
| दुई छिमेकी बीच बहुआयामिक सम्बन्धमा जोड | छिमेकसँग सम्बन्धलाई प्राथमिकतामा राख्ने | आन्तरिक एकता र सार्वभौमसत्तालाई सुदृढ गर्ने उल्लेख गरेको |
| आर्थिक कूटनीति अन्तर्गत सहुलियतपूर्ण ऋण र अनुदानलाई प्राथमिकता | अन्तर्राष्ट्रिय र क्षेत्रीय मञ्चहरूको अधिकतम सदुपयोग गर्ने | नेपाली सेना लगायत सुरक्षा निकायलाई आधुनिक प्रविधिसँग जोड्ने विषय उठाएको |
| भूपरिवेष्ठित मुलुकको हकहित माथि जोड | जुनसुकै मुलुकसँग जोडिएको नेपालको सीमाको सुरक्षा गर्ने | नेपालको आत्मनिर्णयको अधिकार, संयुक्त राष्ट्र सङ्घको वडापत्रमा आधारित भएर अघि बढ्ने |
| स्थायी असंलग्नताको पक्षपाती | विगतका सन्धि सम्झौताहरूको पुनरावलोकन र परिमार्जन गर्दै अघि बढ्ने | पञ्चशीलको सिद्धान्त लगायतका आधारमा विदेशनीति परिचालित हुने |

| नेपाली काङ्ग्रेस | नेकपा (एमाले) | नेकपा (माओवादी केन्द्र) |
|---|---|---|
| कूटनीतिक पहल मार्फत जलवायु परिवर्तनको असर खोजीको सिलसिलामा अन्तर ाष्ट्रिय मञ्चको उपयोगमा जोड | गैह्र आवासीय नेपालीहरूको ज्ञान, सीप र अनुभवलाई सम्मान गर्दै आर्थिक र सामाजिक विकासका लागि त्यसको प्रयोग गरिने । | दुई छिमेकी मुलुक बीचको सम्बन्धमा भूराजनीतिक अवस्थालाई ख्याल गर्दै नेपाली भूमिलाई छिमेकी मुलुकको विरूद्धमा दुरूपयोग गर्न नदिइने । |
| 'पब्लिक डिप्लोमेसी' र 'सफ्ट पावर'को अधिकतम उपयोग गरिने । | | अन्तर्राष्ट्रिय विवादलाई शान्तिपूर्ण तवरबाट समाधान खोजिने । |
| श्रम कूटनीति मार्फत वैदेशिक रोजगारको सम्मान र सुरक्षाको सुनिश्चित गर्ने | | भारतबाट अतिक्रमित नेपाली भूमि फिर्ताका लागि तत्काल कूटनीतिक पहल थालिने । |
| क्षेत्रीय सङ्गठनहरूको क्रियाशीलता र गतिशिलताका लागि कूटनीतिक साझेदारी र सहकार्यलाई प्राथमिकतामा राखिने । | | नेपाल र भारतबीच विगतमा भएका असमान सन्धि सम्झौतालाई राष्ट्रिय हित अनुकूल उपयोगमा ल्याउने । दुवै मुलुकको सिमानालाई नियन्त्रण र नियमन गरिने । |
| | | आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणमा जोड दिने । गोर्खा सैनिकको उचित मागलाई सम्बोधन गर्न पहल गरिने । |
| | | नेपालको हितको लागि अन्तर्राष्ट्रिय मञ्चहरूको उपयोगलाई अझ सशक्त र प्रभावकारी बनाइने |
| | | कूटनीतिक क्षेत्रलाई सबल, दक्ष र प्रभावकारी बनाइने । |
| | | मुलुकको हित अभिवृद्धिका लागि 'सफ्ट पावर' र 'डिजिटल कूटनीति' जस्ता विधिको अवलम्बन गरिने । |

माथिको तालिकाले नेपालका प्रमुख राजनीतिक दलहरूले अघि सारेको खाकालाई तुलनात्मक अध्ययन गर्न सजिलो भएको छ । अधिकांश विषयमा दलहरूबीच समान धारणा पाइन्छ भने केही विषयमा अलग अलग धारणा समेत देख्न पाइन्छ । तीन दलबीच विदेशनीति सम्बन्धी समान धारणाहरूमा संयुक्त राष्ट्र सङ्घ, पञ्चशील, असंलग्नता, सार्वभौमसत्ता, आर्थिक कूटनीति, विवादहरूको शान्तिपूर्ण समाधान, जलवायु परिवर्तनबाट देखा पर्ने असरको न्यूनीकरण, श्रम कूटनीति मार्फत वैदेशिक रोजगारको सुरक्षा र सम्मान, क्षेत्रीय

र अन्तर्राष्ट्रिय मञ्चहरूको उपयोगमा मुलुकको हीतलाई प्राथमिकतामा राख्ने लगायत विषय घोषणापत्रका साझा विषयको रूपमा देखा पर्दछन् । दलहरूले दुई मुलुक बीचको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै समदुरीको आधारमा सम्बन्ध विस्तार गर्ने विषयलाई प्राथमिकतामा राखेको देखिन्छ । नेपाली काङ्ग्रेसले एक्काइसौं शताब्दीका आर्थिक केन्द्रको पक्षेपणको रूपमा प्रस्तुत गरिएका दुई छिमेकी बीच बहुआयामिक सम्बन्धलाई प्राथमिकता राख्ने उद्घोष गरेको छ । नेकपा (एमाले) ले छिमेकी मुलुकसँगको सम्बन्धलाई प्राथमिकतामा राख्दै अन्तर्राष्ट्रिय सम्बन्धलाई विकास गर्ने साथै नेपालको स्वाभिमान र अखण्डतालाई सुदृढ गर्दै नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानीसहित जुनसुकै देशसँग जोडिएका नेपाली सीमाको सुरक्षालाई प्राथमिकतामा राख्ने जनाएको छ । नेकपा (माओवादी केन्द्र) ले अझ एक कदम अघि बढेर भारतद्वारा अतिक्रमित नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायत भूमि फिर्ताका लागि कूटनीतिक पहल गर्ने साथै दुवै मुलुक बीचको खुला सिमानालाई नियन्त्रण र नियमन गरिने प्रष्ट उल्लेख गरेको छ । नेपाली काङ्ग्रेस भने माथि उल्लेखित भूमि र सिमानाको बारे मौन बसेको छ । नेकपा (माओवादी केन्द्र) ले स्वाधिनताको रक्षा केन्द्रित परराष्ट्र नीतिमा राष्ट्रिय सुरक्षा बलको आधुनिकीकरण र सुदृढीकरणमा जोड दिएको छ भने यस दिशामा अन्य दुई दलले केही उल्लेख गरेका छैनन् । नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र) ले 'सफ्ट पावर' र 'डिजिटल डिप्लोमेसी'लाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् तर नेकपा (एमाले) यस विषयमा मौन देखिन्छ । नेपाली काङ्ग्रेस र नेकपा (एमाले) ले वैदेशिक रोजगारको सम्मान र ज्ञान एवम् सीपलाई उपयोगमा ल्याउन पहल गर्ने उल्लेख गरेका छन् भने नेकपा (माओवादी केन्द्र) ले गोर्खा सैनिकको जायज मागलाई सम्बोधन गर्न कूटनीतिक पहल गर्ने उल्लेख गरेको छ ।

## नेपालको संविधानमा विदेशनीति सम्बन्धी व्यवस्था तीन दलको दृष्टिकोण बीच तुलना

प्रायसः मुलुकहरूको संविधानमा विदेशनीति सञ्चालनका आधार र कार्यविधिहरू तय गरिएका हुन्छन् । नेपालको संविधान (२०७२) को भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको बारेमा व्यवस्था गर्दै धारा ५२ मा राज्यका नीतिहरू अन्तर्गत 'ङ' मा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिको बारेमा उल्लेख गरिएको छ । जसमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्र सङ्घको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताको आधारमा मुलुकको सर्वोपरी हितलाई केन्द्रमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने उल्लेख छ । त्यस्तै नेपाल र अन्य मुलुक बीच विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने उल्लेख छ । प्रमुख तीन राजनीतिक दलहरूले संविधान व्यवस्थागरिएको यसै प्रावधानलाई आधार मानेर घोषणा पत्रमा विदेशनीति सम्बन्धी दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ । यद्यपी राजनीतिक दलहरूले पारस्परिक हित भन्ने शब्दको प्रयोग गर्न अल्छी गरेको पाइन्छ । नेपाली काङ्ग्रेसको सङ्कल्पमा विगतका सन्धि सम्झौताको पुनरावलोकन वा परिमार्जन वा संशोधनको बारेमा कही कतै उल्लेख गरेको पाइन्न । दलहरूको घोषणा पत्रमा विदेशनीतिकोराजनीतिक ओझ भने पाउन सकिन्न । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले नेपाल भारतबीचको सिमा लगायत विवादको बारेमा उल्लेख गरेको तर यस्ता विवादहरू समाधानका लागि प्रबुद्ध समूहको गठन र त्यसले तयार पारेको प्रतिवेदन आदानप्रदानमा भारतले गरेको आलटाललाई सम्झाएको पाइन्न ।विवाद समाधानका लागि चालिने भावी रणनीतिको बारेमा घोषणा पत्रमा निश्चित खाका पाउन सकिन्न ।

**निष्कर्ष**

निर्वाचन रूपी महायज्ञमा होमिनु अघि राजनीतिक दलहरूले विभिन्न विषयमा आ-आफ्नो धारणा र दृष्टिकोणहरू घोषणापत्र मार्फत जनता माझ प्रस्तुत गर्ने गर्दछन् । मतदाताले राजनीतिक दल वा उम्मेद्वारलाई मतदान गर्ने एक प्रमुख आधार उसले जनाएको प्रतिबद्धता पत्र हुन्छ । नेपालमा हुने आवधिक निर्वाचनको दौरानमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले २०७९ साल मङ्सिर ४ गते भएको आम निर्वाचन प्रयोजनका लागि जारी गरेको घोषणा पत्रको आधारमा विदेशनीतिप्रतिको दृष्टिकोणलाई तुलना र विश्लेषण गर्दा दलहरूले नेपालको संविधान (२०७२) लाई आधार मानेर नै यस सम्बन्धी धारणा सार्वजनिक गरेको देखिन्छ । संयुक्त राष्ट्र सङ्घको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अहस्तक्षेप, सबै मुलुक बीचको सार्वभौम समानताको आधारमा विदेशनीति सञ्चालनमा ल्याइने प्रतिबद्धता जनाइएको छ । कुनै पनि रूपको सैन्य गठबन्धनमा सहभागी नबन्ने, नेपाललाई शान्ति क्षेत्रको रूपमा स्थापित गरिने घोषणा पत्रमा उल्लेख गरिएको छ । सबै असमान सन्धिहरूको पुनरावलोकन गरी खारेजी, प्रतिस्थापना वा संशोधन परिमार्जनद्वारा राष्ट्रिय हित अनुकूल उपयोगमा ल्याउने जनाइएको छ । आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणमा जोड दिँदै विदेशी लगानी र ऋणलाई राष्ट्रिय हित अनुकूल आर्थिक पूर्वाधारको निर्माण र विकासका लागि मात्र स्वीकार गरिने, ऋण भन्दा अनुदानमा जोड दिने तर मुलुकको सार्वभौमिकता र हित प्रतिकूलताका कुनै पनि वैदेशिक सहयोग स्वीकार नगरिने उल्लेख छ । जलवायु परिवर्तनले देखा परेको वातावरणीय सङ्कट समाधानका लागि अन्तर्राष्ट्रिय मञ्चको सदुपयोग गर्ने उल्लेख गरिए पनि समाधानका लागि यसरी पहल गरिने छ भनेर किटानी ढङ्गले उल्लेख गरेको पाइन्न । भूपरिवेष्ठित मुलुकको व्यापार तथा पारवहनको बारेमा नेपाली काङ्ग्रेसको घोषणा पत्रमा मात्र उल्लेख छ । बाँकी दुई दलले भूपरिवेष्ठित मुलुक र साना शक्ति राष्ट्रको विदेशनीतिको तितो भोगाईको बारेमा उल्लेख गरेको पाइन्न । 'पब्लिक डिप्लोमेसी' र 'सफ्ट पावर' कूटनीतिलाई प्रभावकारी ढङ्गले उपयोग गर्ने भनिए पनि यसको रणनैतिक खाका भने कुनै पनि दलको घोषणा पत्रले समेट्न सकेको देखिन्न ।

प्रमुख तीन राजनीतिक दलहरूले घोषणा पत्र मार्फत अघि सारेका विदेशनीतिप्रतिको दृष्टिकोणले नेपालको हितलाई सम्बोधन गर्न सके पनि कार्यान्वयन पक्षमा चुनौतिहरू समेत देखिन्छ । विगतका सन्धि सम्झौताहरूलाई एकलौटी ढङ्गले हामीले मात्र संशोधन वा खारेज गर्न गाह्रो हुन सक्छ जसका लागि पारस्परिक हितलाई ध्यान दिँदै कूटनीतिक पहल मार्फत सहजीकरण गर्दै अघि बढ्नु नै श्रेष्यकर हुन जान्छ । विषय विज्ञ अन्य सबै राजनीतिक दलहरूले व्यापक छलफलको आयोजना गरेर मुलुकको एकमना विदेशनीति निर्माण गरी अघि बढ्नु नेपालको हितमा हुन जान्छ । राजनीतिक दलहरूले घोषणा पत्र मार्फत सार्वजनिक गरेका विदेशनीति सम्बन्धी धारणाहरू सङ्घीय संसद, प्रदेश संसद, दलहरूको आन्तरिक छलफल र सञ्चार साधनले समेत विज्ञहरू मार्फत छलफल चलाई नेपालको विदेशनीति निर्माण गर्नु पर्ने हुन्छ । जुनसुकै दलले सरकारको नेतृत्व गरे पनि सबैको प्रयत्नमा निर्माण गरिएको विदेशनीतिको अनुसरण र अवलम्बन गर्नुपर्ने हुन्छ । नेपाल न्यायोचित र अन्तर्राष्ट्रिय हित सहितको राष्ट्रिय हितको पक्षमा लाग्नका लागि घोषणापत्रमा लिपिबद्ध विदेशनीतिले हमेशा मद्दत पुर्‍याउन सक्नु पर्दछ । दलको घोषणा पत्रले नेपालको हितको विषय उठाउँदा विश्व शान्ति र मानवीय हितलाई समेत उच्च प्राथमिकतामा राखेको देखिन्छ । विदेशनीतिप्रतिको दलको दृष्टिकोणले पारस्परिक लाभ र

सहअस्तित्वलाई सम्मान गर्दै अघि बढेमा नेपालको हित र पहिचानलाई अन्तर्राष्ट्रिय क्षेत्रमा विस्तार गर्ने विषयमा विश्वस्त हुन सकिन्छ । राष्ट्रिय हितको रक्षा गर्न भूराजनीतिक परिस्थितिलाई सन्तुलित ढङ्गले सामना गर्दै अघि बढ्नु पर्ने हुन्छ । मुलतः हाम्रा नजिकका छिमेकीसँग उत्ताउलो र निम्छरो दुवै रूपमा नभई सार्वभौम समानताको आधारमा खुलस्त र मित्रतापूर्ण सम्बन्ध स्थापित गर्न विदेशनीति सम्बन्धी दलको दृष्टिकोण कोशेढुङ्गा बन्न सक्नु पर्दछ ।विदेशनीतिलाई नेपालको हित अनुकूल अझ समृद्ध बनाउन आम नागरिकहरूले समेत सुझबुझपूर्ण खबरदारी गर्नु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्री


दाहाल, रामकुमार (२०८०), *नेपालको राजनीति*, लुम्बिनी प्रकाशन ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२*, कानुन किताब व्यवस्था समिति ।

नेपाली काङ्ग्रेस (२०७९), *नेपाली काङ्ग्रेसको सङ्कल्प, प्रतिनिधि* सभा तथा प्रदेश सभा निर्वाचन २०७९, प्रचार विभाग ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) (२०७९), *नेपाल कम्युनिष्ट पार्टी एमालेको घोषणा पत्र*, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९, प्रचार विभाग ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), (२०७९), प्रतिबद्धता पत्र, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९, प्रचार विभाग ।

पोखरेल, कृष्ण (२०७३), *प्रशासनको सिद्धान्त र नेपालको प्रशासन*, एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

फूएल, श्यामप्रसाद (२०७५'ग'), नेपालको राजनीति, सनलाइट, पब्लिकेशन ।

फूएल, श्यामप्रसाद (२०८०'क'), अन्तर्राष्ट्रिय राजनीति, आज्ञा फूएल ।

फूएल, श्यामप्रसाद (२०८०'ख'), कूटनीतिको अभ्यास र सिद्धान्त, सनलाइट पब्लिकेशन ।

शिवकोटी, गोपाल (२०७१), अन्तर्राष्ट्रिय सम्बन्ध, पैरवी प्रकाशन ।

श्रेष्ठ, हिरण्यलाल (२०६३), *नेपाल परिचय*, एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।